# स्थानीय राजपत्र

## विगु गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ५ संख्याः १ मितिः २०७९/०५/०१

**भाग-२**

## विगु गाउँपालिकास्तरीय विपद् राहत मापदण्ड,२०७९

**कार्यपालिकाबाट स्वीकृत मितिः२०७९/०४/२५ गते**

**प्रस्तावना**

विगु गाउँपालिका विभिन्न प्रकोपहरुसँग सम्मुख रहेको, प्रकोपहरु विपद्को रुपमा परिवर्तन भै आपत्कालीन अवस्था आउने गरेको र जीउधनको क्षति भैरहेको, क्षति कम गर्न गाउँपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तथा आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना समेत तयार गरी कार्यान्वयनमा ल्याएको सन्दर्भमा विपद्बाट पीडित व्यक्तिहरुको उद्धार र राहत वितरण सम्बन्धी मापदण्ड बनाउन वाञ्छनीय भएको हुँदा भीमेश्वार गाउँपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७६ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी विगु गाउँकार्यपालिकाबाट गाउँपालिकास्तरीय विपद् राहत मापदण्ड २०७९ जारी गरिएको छ ।

**१ नाम र पकरिभाषा**

१.१ संक्षिप्त नाम र प्रारम्भः यस मापदण्डको नाम विगु गाउँपालिकाको “विपद् राहत मापदण्ड, २०७९” रहने छ । गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि यस मापदण्ड लागू हुनेछ ।

१.२ यस मापदण्डमा प्रयोग भएका मुख्य शब्द तथा वाक्यांशलाई निम्नानुसार बुझिने छ।

क) "आपत्कालीन अवस्था" भन्नाले जनधनको क्षति हुन नदिन वा कम गर्नका लागि तत्कालै उद्धार गर्नुपर्ने प्राकृतिक वा गैरप्राकृतिक विपद्को अवस्था सम्झनुपर्छ।

ख) "सरोकारवाला निकाय" भन्नाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विपद् व्यवस्थापन र राहत सम्बन्धी कार्यमा संलग्न हुने वा हुन सक्ने सरकारी तथा गैर सरकारी निकायहरू र सामुदायिक संघ संस्थालाई सम्झनु पर्छ र सो शब्दले संयुक्त राष्ट्रसंघीय वा अन्य अन्तर्राष्ट्रिय सङ्घ संस्थालाई समेत सम्झनुपर्छ।

ग) "राहत" भन्नाले विपद्को समयमा वा विपद्बाट प्रभावित हुने सक्ने अवस्थामा जीवन सुरक्षा गर्न, जीउ धनमाथि पर्ने असर कम गर्न, मानवीय पीडा कम गर्न र मानवीय आत्मसम्मान सुनिश्चित गर्न प्रदान गरिने नगद र जिन्सी सहयोगलाई जनाउँछ।

घ) "आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना" भन्नाले विगु गाउँपालिकाको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनालाई जनाउँछ।

ङ) "आकास्मिक कोष सञ्चालन कार्यविधी, २०७८" भन्नाले विगु गाउँपालिकाले विपद् जोखिम ब्यवस्थापन, पूर्वतयारी तथा प्रतिकार्यको सम्बन्धी कार्य गर्न स्थापना गरेको कोषलाई जनाउँछ।।

च) "विषयगत क्षेत्र" भन्नाले विगु गाउँपालिकाको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्ने सांगठनात्मक संरचनामा रहेका र विभिन्न विषयमा पूर्वतयारी तथा प्रतिकार्य गर्ने समुह वा कार्यटोलीलाई सम्झनुपर्छ।

## २ राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको गठन

२.१ आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको सांगठनिक संरचना अनुसार विगु गाउँपालिकामा विपद् व्यवस्थापन समिति तथा विपद् व्यवस्थापन शाखा र त्यस अर्न्तगत रहेको

आपत्कालीन कार्यसंचालन केन्द्रका सदस्यहरु सम्मिलित देहायबमोजिमको  राहत व्यवस्थापन तथा वितरण समन्वय समिति गठन गरिनेछ। अध्यक्ष

(क) गाउँपालिका अध्यक्ष – संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष  – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) प्रशासन शाखा प्रमुख – सदस्य

(ङ) विपद् व्यवस्थापन शाखा प्रमुख – सदस्य सचिव

यस समितिमा आवश्यकता अनुसार वडा अध्यक्ष र शाखा प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ।

**३. राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको काम, कर्तव्य र अधिकार**

३.१ राहत वितरणको लागि विपद् व्यवस्थापन कोषमा आवश्यक रकम यकिन गरी समितिलाई सिफारिस गर्ने,

३.२ विपद्बाट प्रभावित भएका परिवार तथा व्यक्तिको विवरण संकलन गर्न निर्देशन दिने,

३.३ राहत वितरण गर्दा प्राथमिकताको आधारमा राहत वितरण गर्न लगाउने,

३.४ विषयगत क्षेत्रलाई विषयगत क्षेत्रको राहत सामाग्रीको सूची तयार गर्न लगाई सो अनुसार मात्र राहत वितरण गर्न लगाउने,

३.५ राहत वितरण कार्य केन्द्रको समन्वयमा एकद्वार प्रणाली मार्फत गर्न लगाउने,

३.६ राहत वितरण कार्यको अनुगमन तथा मूल्यांकन गर्ने,

३.७ आवश्यकता अनुसार वडास्तरमा वडास्तरीय राहत वितरण तथा समन्वय समितिहरु गठन गरी विषयगत क्षेत्रमा हुने राहत वितरणमा सहभागी गराउने,

३.८ जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी संघ, प्रदेश सरकार र सरोकारवाला निकायबाट  प्राप्त हुने राहत रकम प्रभावितहरुको लागि उपलब्ध गराउने ।

## ४. राहत वितरणको लागि अपनाइने सिद्धान्तहरु

४.१ गाउँपालिकाले राहत वितरणका लागि निम्नानुसारका सर्बमान्य मानवीय सहयोग सम्बन्धी सिद्धान्तहरुलाई आत्मसाथ गर्नेछ ।

**मानवीयता :** राहत वितरणको उद्देश्य जनधन तथा स्वास्थ्य संरक्षण गर्ने रहनेछ ।

**तटस्थता :** राहत वितरण गर्दा गाउँपालिकाले कुनै विषेष वर्ग, समुह, जाति, धर्म वा राजनीतिक आस्थाको पक्ष लिने छैन ।

**निष्पक्षता :** आपतकालीन आश्यकतालाई ध्यानमा राख्दै तत्कालीन आवश्यकतालाई आधार मानिनेछ र कुनै पनि समुहको पक्ष लिइने छैन ।

**स्वतन्त्रता :**  राहत वितरण कार्य कुनै पनि राजनीतिक, आर्थिक वा सैन्य उद्धेश्यसँग जोडिने छैन ।

४.२ माथिका सिद्धान्तहरु नगरपालिका तथा मानवीय सहयोग गर्ने संघसंस्थामा पनि लागु हुनेछ । यसका साथै मानवीय सहयोग उपलब्ध गराउने संघ संस्था एवं व्यक्तिले राहत वितरण कार्य मार्फत धर्म परिवर्तन गर्न गराउन पाउने छैन ।

४.३ राहत वितरण गर्दा गाउँपालिकाले अन्तराष्ट्रिय तथा राष्ट्रिय मापदण्डलाई समेत आधारको रुपमा लिनेछ । जुन यस प्रकारका रहेका छन् :

क) मानवीय बडापत्र तथा मानवीय प्रतिकार्यका न्यूनतम मापदण्ड (स्फियर मापदण्ड)

ख) आधारभूत मानवीय मापदण्ड

ग) विपद् पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४ (सातौ संशोधन २०७७)

## ५. राहत प्राप्त गर्ने व्यक्ति तथा परिवारको छनौट

५.१ नगरपालिकाले राहत वितरणको लागि पारदर्शी राहत वितरण मापदण्ड अपनाउनुपर्नेछ । राहतलाई दया वा मायाको कारणले उपलब्ध गाउँाई आपतकालीन अवस्थामा विपद् प्रभवितले पाउने अधिकारको रुपमा लिइनुपर्नेछ । राहत कार्यमा प्रभावित समुदायको समान पहुँचको

प्रत्याभूति हुनेछ । यसका साथै संकटासन्न समुदाय तथा व्यक्तिहरुलाई राहत वितरणमा प्राथमिकता दिइनुपर्नेछ ।

५.२ श्रोतको उपलब्धताको आधारमा निम्नानुसारका आधारहरुलाई आत्मसाथ गरी राहत वितरण गरिने व्यक्ति तथा परिवार छनौट गरिनेछ ।

क) मानवीय क्षति तथा घाइतेको संख्या

ख) पूर्ण रुपमा क्षति भएको घर

ग) आंशिक रुपमा क्षति भएको घर

घ) आयश्रोतमा परेको असर

ङ) विशेष आवश्यकता भएका व्यक्तिहरुः ज्येष्ठ नागरिक, बालबालिका, अपांगता भएका व्यक्ति, विरामी, एकल महिला, सुत्केरी तथा गर्भवती महिला, रोजगारी वा नियमित आयश्रोत नभएका परिवार, वालवालिका, सुकुम्वासी, आदि

५.३ विशेष प्रकारका संक्रमण तथा महामारीबाट आपत्कालीन अवस्था सिर्जना भएमा राहत सामाग्री प्राप्त गर्ने व्यक्तिको देहायअनुसारको आधारमा किटान गरिनेछ ।

क) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने अति विपन्न श्रमिक ।

ख) पर्यटक भरिया, निर्माण सामग्री भरिया तथा सवारी साधन नचल्ने, बाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने अति विपन्न व्यक्ति ।

ग) ट्रक, ट्रिपर, भ्यानमा सामान लोड अनलोड गर्ने अति विपन्न श्रमिक ।

घ) अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर ।

ङ) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाइ, सुत्केरी आमा, शिशु तथा ज्येष्ठ नागरिक,स्याहार जस्ता सेवा गर्ने व्यक्ति ।

च) गिटी कुट्ने, बालुवा चाल्ने तथा इटा भट्टामा काम गर्ने मजदुर ।

छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका अति विपन्न मजदुर ।

ज) नाङलो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेलागाडा तथा साइकिलमा सामान बिक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने अति विपन्न मजदुर ।

झ) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।

ञ) स्याहार सुसार र हेरविचार गर्ने व्यक्ति नभएको शारिरीक तथा मानसिक रुपले पूर्ण अशक्त अपाङ्गता भएको अति विपन्न नागरिक, स्थानीय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति ।

## ६ . राहतको परिमाण

६.१ राहत मापदण्ड २०७९ समेतलाई आधार मानी विपद् प्रभावित व्यक्ति तथा परिवारलाई गाउँपालिकाले देहाय अनुसार राहत उपलब्ध गराइने छ :

क) विपद्को घटनामा परी गाउँपालिकाभित्र कुनै परिवारमा एक जनाको मृत्यु भएमा रु २५००० (पच्चीस हजार रुपैया) का दरले राहत रकम उपलब्ध गराउने, सोही परिवारको अर्को सदस्यको समेत मृत्यु भएमा थप १०००० (दश हजार रुपैया) दरले राहत रकम उपलब्ध गराउने, दुईजना भन्दा बढी भएमा सामाजिक संस्कार गर्नको लागि प्रतिव्यक्ति थप ५००० ( पाँच हजार रुपैया) उपलब्ध गराउने

ख) विपद्को घटनामा परी गाउँपालिका बाहिर कुनै गाउँबासीको मृत्यु भएमा प्रति व्यक्ति १५००० (पन्ध्र हजार रुपैया) दरले राहत रकम उपलब्ध गराउने,

ग) विपद्को घटनामा परी गाउँपालिकाभित्र अन्य क्षेत्रका कुनै व्यक्तिको मृत्यु भएमा सामाजिक संस्कार गर्न र थातथालो सम्म पुग्नको लागि यातायात खर्च समेत गरी १०००० (दश हजार रुपैया) दरले राहत रकम उपलब्ध गराउने,

घ) विपद्‌बाट घर, वहाल, आवास नष्ट भएमा वा खाद्यान्न वाली वा जग्गा जमिन र पसलमा नोक्सानी भै तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएको अवस्थामा ५ जनासम्मको परिवारलाई रु १५,००० (पन्ध्र हजार रुपैया)उपलब्ध गराउने,

ङ) विपद्‌बाट घर, वहाल, आवास नष्ट भएमा वा खाद्यान्न वाली वा जग्गा जमिन र पसलमा नोक्सानी भै तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएको अवस्थामा ५ जनाभन्दा बढी परिवारलाई रु २०,०००(बीस हजार रुपैया) उपलब्ध गराउने,

६.२ माथिको बुँदाहरुमा उल्लेख गरिएको नगदको सट्टामा पारिवारिक विवरण र आवश्यकताको आधारमा देहाएका खाद्य तथा गैरखाद्य सामाग्री प्रदान गर्न सकिने छ ।

**क) गैर खाद्य सामाग्री प्याकेज**

| सामाग्रीको नाम | इकाई | जम्मा |
|---|---|---|
| त्रिपाल | थान | २ |
| नाइलन डोरी | केजी | १.५ |
| कम्बल | थान | २ |
| म्याट्रस | थान | २ |
| किचन सेट (ढक्कन सहितको देक्ची, थाल ४ गिलास ४, डाडु १, पन्युँ १) | सेट | १ |
| एक सरो कपडा | सेट | १ |

**ख) खाद्य सामाग्री (तत्कालिन अवस्थामा)**

| सामाग्री | इकाई | मात्रा (प्रति परिवार) |
|---|---|---|
| चामल | के.जि | २५ |
| दाल | के.जि | ४ |
| खाने तेल | लिटर | २ |
| नुन | प्याकेट | ३ |

| | | |
|---|---|---|
| चिनी | के.जि | २ |
| चिउरा | के.जि | ५ |
| चाउचाउ | दर्जन | १ |
| बिस्कुट | दर्जन | १ |

६.३ मानवीय सहयोग मापदण्डः प्रभावितहरूको पहुँच निम्न वस्तुमा हुनेछः (१) प्रति व्यक्ति प्रति दिन न्यूनतम २,१०० क्यालोरी प्राप्तहुने गरी खाद्यान्न, सम्भव भएसम्म निश्चित समूहका व्यक्तिहरू (साना बालवालिका, एच.आई.भी.भएका, कुपोषित व्यक्तिहरू आदिका लागि उनीहरूको आवश्यकतालाई पूरा गर्न सामान्य रासनका अतिरिक्त परिपूरक रासनको व्यवस्था गर्न सकिने)।

६.४ गाउँपालिका स्तरीय विषयगत क्षेत्रले गाउँ सुहाँउँदो राहतको परिमाण तय गर्ने क्रममा रीाष्ट्रिय तहमा विषयगत क्षेत्रले अद्यावधिक गर्ने राहत परिमाणलाई आधार मान्नेछ।

६.५ विपद्का घटनामा परी खाद्यान्न, लत्ता कपडा लगायत घर पूर्ण रुपमा नष्ट भएका वा पूर्ण नष्ट नभएतापनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नुपर्ने वा विस्थापित भई सुरक्षित स्थानमा नयाँ आश्रयस्थल निर्माण गरी व्यवस्था गर्नुपर्ने अवस्थाका परिवारलाई प्रतिपरिवार रु २५,०००। (पच्चीस हजार रुपैया) सम्म आर्थिक सहायता प्रदान गर्ने, यसरी प्रदान गरिने सहायता पहिलो किस्तामा रु. १५,००० तत्कालै र बाँकी दोश्रो किस्ता रु. १०,००० निर्माण सम्पन्न पश्चात प्रदान गर्ने,

६.६ विपद्का घटनामा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालमा उपचार गराउँदा लागेको यातायात खर्च, औषधी खरिद खर्च र अस्पताल शुल्क बापत अवस्था हेरी बढीमा रु. २५,००० (अक्षेरुपी पचास हजार) भूक्तानी गरिदिने।

### ७. राहतको तयारी, व्यवस्थापन तथा वितरण सम्बन्धी प्रक्रिया

७.१ राहत प्राप्त गर्ने व्यक्तिको सूचना विपद् व्यवस्थापन शाखाले तोके अनुसारको समुहमा हुनेछ। वडा प्रतिकार्य टोलीलाई राहत प्राप्त गर्ने स्पष्ट आधार दिई विवरण संकलन गर्ने प्रारम्भिक जिम्मेवारी दिन सकिने छ। विपद्को अवस्था अनुसार राहत प्राप्त गर्ने व्यक्तिको

विवरण तत्काल संकलन गरिनेछ । तत्कालीन अवस्थामा राहत प्राप्त गर्न योग्य व्यक्तिको सूची २४ घण्टाभित्र तयार गर्नुपर्नेछ । विषयगत क्षेत्रको राहतको लागि सूचीलाई परिमार्जन गर्न सकिनेछ ।

७.२ वडा प्रतिकार्य टोलीले संकलन गरेको विवरणलाई वडा स्तरीय विपद् व्यवस्थापन समितिले पुनरावलोकन गरी राहत प्राप्त गर्नु नपर्ने परिवारलाई हटाई छुटेका परिवारलाई पारदर्शी रुपमा समावेश गर्नेछ । यसको लागि विपद्को प्रभावको आधारमा वडा स्तरयि समितिले प्रारम्भिक राहतको लागि एकदिन भित्र पुनरावलोकन गर्नुपर्नेछ । यद्यपि जीवन सुरक्षा गर्ने सम्बन्धी राहत कार्य अन्तिम सूची आइनपुग्दै पनि सम्पादतन गर्न सक्नेछ ।

७.३ वडास्तरीय विपद् व्यवस्थापन समितिले बुझाएको राहत प्राप्त गर्ने विवरणलाई गाउँस्तरीय राहत व्यवस्थापन तथा वितरण समन्वय समितिले पुनरावलोकन गर्नेछ र अन्तिम सूची तयार गर्नेछ ।

७.४ मानवीय क्षति तथा आश्रयस्थलको क्षति अनुसार प्रदान गरिने भनिएको राहत रकम गाउँपालिका स्तरीय राहत व्यवस्थापन तथा वितरण समन्वय समिति मार्फत गरिनेछ ।

७.५ विषयगत क्षेत्रको राहत सामाग्री उपलब्ध हुने र भण्डारण गर्ने प्रक्रिया विषयगत क्षेत्रमा कार्यरत सदस्यहरुले जानकारी उपलब्ध गराउने छन् ।

७.६  अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा राहत वितरण केन्द्रमा आउन नसक्ने व्यक्तिको लागि सम्बन्धित स्थानमा  नै राहत सामाग्री उपलब्ध गराइनेछ ।

७.९ राहत वितरण पश्चात राहत सामाग्रीमाथि लाभाग्राहीको सन्तुष्टि मापन गर्न सर्भेक्षण गरिने छ र त्यसबाट प्राप्त नजितालाई आगामी दिनहरुमा राहत वितरण गर्दा ध्यान दिइने छ ।

## ८. कारवाही सम्बन्धी व्यवस्था

८.१ यस मापदण्डमा तोकिएको अवस्था पूरा नभएको व्यक्तिले झुट्टा विवरण गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

८.२ यस मापदण्डको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफासि गर्ने पदाधिकारी लाई समेत प्रचलित कानुन वमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीवाट निजले सिफारिस गरेको हदसम्मको रकम निजवाट असुल गरिनेछ ।

## ९. राहत वितरण सम्बन्धी अभिलेख राख्नुपर्ने


राहत वितरण भएको विवरणको अभिलेख केन्द्रमा व्यवस्थित रुपमा राखिने छ । र सो विवरण जिल्ला, प्रदेश तथा केन्द्रिय विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराइनेछ ।

## १०. विविध

१०.१ यस विपद् राहत मापदण्डले विगु गाउँपालिकामा रहेका अन्य सबै राहत वितरण सम्बन्धी प्रावधान तथा निर्णयहरुलाई खारेज गर्नेछ ।

## १२. अनुसूची

**अनुसूचीः आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी सांगठनात्मक संरचना**




**प्रमाणीकरण मिति :२०७९/०५/०१**

**आज्ञाले,**
**शैलेन्द्र भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**